# कानुनी पहिचान (जन्मदर्ता तथा नागरिकता) सम्बन्धी

# जानकारी पत्र

FWLD

महिला, कानून र विकास मञ्च
२०५२

अविभेद र समानताका लागि कार्यरत

मेरो अधिकार

Know Your Rights

## मेरो अधिकार

(मोबाइल एप्स)

आफ्नो अधिकारबारे जानकारी प्राप्त गरौं ।




Download on the App Store

Google play

# कानुनी पहिचानको अधिकार

कुनै पनि व्यक्तिको स्वतन्त्र अस्तित्वको लागि पहिचान आवश्यक हुन्छ । त्यसैले कानुनी पहिचान विना कुनै पनि व्यक्तिको संसारमा वैधानिक अस्तित्व रहँदैन । कानुनी पहिचान भनेको व्यक्तिको अस्तित्वको वैधानिक मान्यता हो । पहिचानको अधिकार व्यक्तिको वैधानिक अस्तित्वसँग सम्बन्धित भएको हुनाले यसलाई पहिलो अधिकारको रुपमा लिइन्छ । पहिचानको अधिकारको आधारमा नै अन्य अधिकारहरुको सिर्जना हुने हुनाले यो अन्य अधिकारहरुको आधार पनि हो ।

## पहिचान गर्ने तत्वहरु

- नाम
- जात/जाति
- जन्म मिति/उमेर
- पारिवारिक सम्बन्ध
- ठेगाना/बसोबास स्थान
- लिङ्ग
- धर्म
- पेशा/व्यवसाय
- वैवाहिक अवस्था
- नागरिकता/राष्ट्रियता आदि

नेपालको संविधानले कानुनी पहिचानको अधिकारलाई मौलिक हकको रुपमा मान्यता दिएको छ । नेपालको संविधानको धारा ३९(१) मा “प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ” भन्ने व्यवस्था गरेको छ । यसर्थ यस धारा अनुसार कानुनी पहिचान तथा जन्मदर्ताको हक मौलिक हकको रुपमा रहेको छ । यस्तै नेपालको संविधानको धारा १० ले “कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन” भन्ने अधिकार प्रत्याभूति गरेको छ ।

नेपालमा कानुनी पहिचानका विभिन्न दस्तावेजहरु रहेका छन् । जस्तैः नागरिकता प्रमाणपत्र, राहदानी, राष्ट्रिय परिचयपत्र, मतदाता परिचयपत्र, नाबालक परिचयपत्र, जन्मदर्ता प्रमाणपत्र, चालक प्रमाणपत्र, अपाङ्गता परिचयपत्र, जेष्ठ नागरिक प्रमाणपत्र आदि । तर, यी सबै कानुनी पहिचानका दस्तावेजहरुमध्ये सबैभन्दा महत्वपूर्ण दस्तावेजको रुपमा नागरिकता प्रमाणपत्र रहेको छ । नागरिकता प्रमाणपत्रले व्यक्तिको राष्ट्रियता निर्धारण गर्नुका साथै अन्य अधिकारहरु प्राप्तिको आधारको रुपमा रहेको छ । यसका साथै नागरिकता प्रमाणपत्र माथि उल्लेखित कानुनी पहिचानका कुनै पनि दस्तावेज प्राप्तिको समेत आधार व्यवस्था गरेको छ । नेपालमा नागरिकता प्रमाणपत्र १६ वर्ष उमेर पूरा गरिसकेपछि मात्र प्रदान गरिने हुनाले १६ वर्ष उमेर पूरा नभएका बालबालिकाको हकमा कानुनी पहिचानको प्रमुख दस्तावेजको रुपमा जन्मदर्ता रहेको छ । अतः व्यक्तिको कानुनी पहिचान सुरक्षित गर्न नागरिकता प्रमाणपत्र र जन्मदर्ता समयमै बनाउनु पर्दछ । उल्लेखित दस्तावेजहरुको अभावमा निम्न अधिकारहरुबाट वञ्चित हुन सक्दछः

- शिक्षा तथा छात्रवृत्ति
- व्यापार व्यवसाय/आर्थिक कारोवार
- ऋण तथा बैंक सम्बन्धी कारोवार
- राज्यले दिने सामाजिक सुविधाहरु
- अचल सम्पत्ति प्राप्ति
- विदेश भ्रमण/वैदेशिक रोजगारी
- न्यायमा पहुँच
- संघ संस्था स्थापना/सहभागिता
- राजनीतिक (मतदाताको रुपमा, उम्मेदवारको रुपमा, पदाधिकारीको रुपमा आदि) सहभागिता
- सरकारी, गैरसरकारी तथा निजी रोजगार
- जन्म तथा व्यक्तिगत घटना दर्ता
- सामाजिक सुरक्षा तथा भत्ता

# जन्मदर्ताको प्रक्रिया

शिशुको जन्म

नेपालमा जन्मेकोमा जन्मेको ३५ दिनभित्र

विदेशमा जन्मेकोमा नेपाल फर्केको मितिले ३५ दिनभित्र

विलम्ब शुल्क तिरेर ३५ दिन पश्चात् पनि जन्म दर्ता गर्न सकिने

स्थानीय पञ्जिकाधिकारी (वडा सचिव)

विदेशमा जन्मेको हकमा सम्बन्धित कुटनीतिक नियोग

जन्मको सूचक

- बाबु वा आमा
- बाबु आमा नभएमा एकापरिवारको १८ वर्ष उमेर पुगेको सदस्य
- संरक्षक
- परिवार वा संरक्षक कोही पनि नभएमा, सम्बन्धित वडाको वडाध्यक्ष

जन्म दर्ता प्रमाणपत्र

स्थानीय पञ्जिकाधिकारी (वडा सचिव) बाट जन्मदर्ताको प्रमाणपत्र प्रदान

## जन्मदर्ता गर्दा आवश्यक पर्ने दस्तावेजहरू

- बाबु वा आमाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- स्वास्थ्य संस्था/अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रतिवेदन
- घरमा जन्म भएको भए पछिल्लो खोप दिएको प्रमाण
- PASSPORT — विदेशी भएमा बाबु, आमाको र राहदानी प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित स्थानीय तहको वडामा बसोबास रहेको प्रमाण
- बाबु बेपत्ता वा ठेगाना थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन

# नागरिकता प्रमाणपत्र प्राप्तिको प्रक्रिया

## वंशजको नागरिकता

- बाबु वा आमा नेपालको नागरिक भएमा
- पितृत्व मातृत्व ठेगान नभएको नेपालको भूभागमा फेला परेको बालबालिका

## वैवाहिक अङ्गिकृत नागरिकता

- नेपाली नागरिकसँग विवाह गरेको विदेशी महिला

## अङ्गिकृत नागरिकता

- नेपाली आमा र विदेशी बाबुबाट जन्मेको सन्तान
- नेपालमा १५ वर्षसम्म बसोबास गरेका तथा अन्य शर्तहरु पूरा गरेको व्यक्ति

## आवश्यक दस्तावेजहरु

**बाबु वा आमा नेपालको नागरिक भएमा:**

- वडा अध्यक्षको सिफारिस
- जन्मदर्ता प्रमाणपत्र
- बाबु वा आमा नागरिकता प्रमाणपत्र तथा बाबु आमाको नागरिकता नभएमा तीन पुस्ताभित्रको नागरिकता प्रमाणपत्र एवं नाता कायमको प्रमाणपत्र

**पितृत्व मातृत्व ठेगान नभएको नेपालको भूभागमा फेला परेको बालबालिका:**

- वडा अध्यक्षको सिफारिस
- जन्मदर्ता प्रमाणपत्र
- पालनपोषण गर्ने व्यक्तिको नागरिकता प्रमाणपत्र वा पालन पोषण गर्ने संस्थाको सिफारिस
- आवश्यकता अनुसार सर्जमिन मुचुल्का वा प्रहरी प्रतिवेदन

**नेपाली नागरिकसँग विवाह गरेको विदेशी महिला:**

- वडा अध्यक्षको सिफारिस
- दम्पतिको नेपाली नागरिकतापत्र,
- विवाह दर्ता प्रमाणपत्र
- विदेशी नागरिकता परित्याग गर्ने कारवाही चलाएको प्रमाण

**नेपाली आमा र विदेशी बाबुबाट जन्मेको सन्तान:**

- वडा अध्यक्षको सिफारिस
- जन्मदर्ता प्रमाणपत्र
- आमाको नेपाली नागरिकतापत्र
- बाबुको आधारमा विदेशी नागरिकता प्राप्त नगरेको निस्सा

**नेपालमा १५ वर्षसम्म बसोबास गरेका तथा अन्य शर्तहरु पूरा गरेको व्यक्ति:**

- वडा अध्यक्षको सिफारिस
- १५ वर्ष नेपालमा बसोबास गरेको लगायत अङ्गिकृत नागरिकता पाउन तोकिएको शर्तहरु पूरा गरेको कागजातहरु

## प्रक्रिया

स्थायी बसोबास वा बसाइ सराई प्रमाणपत्र भएको जिल्लाको जिल्ला प्रशासन कार्यालयमा निवेदन

- जिल्ला प्रशासन कार्यालयमा बाबु वा आमा वा आफ्नो वंशजतर्फका तीन पुस्ताभित्रको नातेदारको सनाखत
- जिल्ला प्रशासन कार्यालयमा पालन पोषण गर्ने व्यक्ति वा पालनपोषण गर्ने संस्था प्रमुखको सनाखत
- पति वा पत्नी तर्फको नातेदारको जिल्ला प्रशासन कार्यालयमा सनाखत

प्रमुख जिल्ला अधिकारीमार्फत निवेदन र प्रमुख जिल्ला अधिकारीले आफ्नो सिफारिस सहितको निवेदन गृह मन्त्रालयमा पेश

गृह मन्त्रालयद्वारा आवश्यक जाँचबुझ गरी अङ्गिकृत नागरिकता प्रदान गर्ने सम्बन्धी निर्णय

**नागरिकताको प्रमाणपत्र**